जानकी गाउँपालिका सभामा प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

जानकी गाउँपालिका

बाँके

२०७९ अषाढ ९

CamScanner

गाउँसभामा प्रस्तुत आ.व २०७९/८० को नीति तथा कार्यक्रम

यस गरिमामय गाउँसभाका सदस्यज्यू, राजनीतिक दलका प्रमुख एवम प्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, संघसंस्थाका प्रतिनिधिज्यू, राष्ट्रसेवक कर्मचारीज्यू, विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मी एवम् पत्रकारज्यू, तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

- नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारको रूपमा रहेको जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित हुनुभएका सम्पूर्ण सभा सदस्यहरुलाई हार्दिक बधाई दिदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछु । निर्वाचन प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न राजनीतिक दल, निर्वाचन आयोग, कर्मचारी तथा सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।
- जानकी गाउँपालिकाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जन-जिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। देश भित्र र बाहिर कोभिड-१९ बाट ज्यान गुमाएका सम्पूर्ण नेपालीहरुमा हार्दिक श्रद्धान्जली प्रकट गर्दै संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।
- स्थानीय सरकार जनताको त्याग, बलिदान र संघर्षबाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनताप्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त गाउँ निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम् आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन ।
- गाउँको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित जानकी गाउँपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार एवम् सञ्चारकर्मी तथा जानकीवासीहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।
- राज्यको पुनः संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको नीति नियमको परिधिभित्र रही यस गरिमामय सभामा आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

# आर्थिक विकास समिति

**क) कृषि तथा पशु तर्फ**

- कृषियोग्य जमिनमा बस्ती विकास र शहरीकरणलाई निरुत्साहित गरी व्यवसायिक कृषि मार्फत उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरिनेछ। शुन्य उपयोग विहीन भूमिको नीति अवलम्बन गर्दै सडक छेउ, नदी, खोला किनारको जग्गा र उपयोग विहिन सार्वजनिक जमिनमा फलफुल लगायतका नगदे बालीको बिरुवा रोप्ने र त्यसरी रोपिएका बिरुवाको उत्पादनको हकभोग लिने गरी टोल विकास संस्था, व्यवसायधिक कृषक र उद्योगलाई परिचालन गरिनेछ ।
- पशुपक्षी व्यवसायीलाई आत्मनिर्भर बनाउन नश्ल सुधार कार्यक्रम बाझोपन निवारण घुम्ती शिविर, पशुधन सुरक्षण कार्यक्रम, निःशुल्क खोप कार्यक्रम लगाएतका कृषकहरुको क्षमता अभिवृद्धी गर्ने तालिम सञ्चालन गरिनेछ। पशुपालक व्यवसायी किसानलाई अनुदान स्वरुप घाँसको बिउ, विद्युतीय च्यापकटर र काउ म्याट वितरण गरिनेछ ।
- अनुत्पादक क्षेत्रमा खर्च कटौती गरिनेछ। तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरु कम गरिनेछ । उत्पादन वृद्धि, आयआर्जन वृद्धि र थप रोजगारी सिर्जनामा सघाउ पुर्याउने कार्यक्रमलाई प्रोत्साहन गर्ने गरी बजेट विनियोजन गर्ने निति लिईएको छ ।
- कोरोना भाईरसको महामारीका कारण वैदेशिक रोजगारबाट घर फर्किएका बेरोजगार युवालाई कृषि तथा पशुपंक्षी व्यवसायमा आवद्ध गर्ने नीति लिईएको छ ।
- बेरोजगारहरुको सम्भावित पङ्क्तिलाई व्यवसायिक कृषि, भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई श्रममा आधारित न्यूनतम रोजगारीमा संलग्न गराइनेछ।
- कृषक तथा पशुपालक किसानलाई अपनत्व बोध गराउन गाउँपालिकाबाट प्रदान गरिने अनुदानमा ५० प्रतिशत लागत सहभागिता गराउने नीति अवलम्बन गरिएको छ । कृषक पाठशालालाई निरन्तरता दिईनेछ । धानको विउ, कृषि यन्त्र, गहुको विउ, मकैको उन्नत विउ वितरण लगाएतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । कृषियोग्य जमिनमा सिचांईको पहुँच पुर्याउन साना सिँचाई कार्यक्रम सञ्चालन गरिनेछ । कृषकहरुलाई बेमौसमी तरकारी खेती उत्पादनको लागि प्लाष्टिक टनेल बनाउन प्रोत्साहन गरिनेछ । हरेक किसानलाई प्राविधिक सेवा प्रदान गरिनेछ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

- कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार खेती, सहकारी तथा सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ । सरकारबाट दिइने अनुदानमा सहकारी तथा सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिइनेछ। कृषियोग्य जमिनको चक्लावन्दी गरी व्यवस्थित गर्न गैरकानुनी खण्डिकरणलाई नियन्त्रण गर्ने नीतिगत व्यवस्था गरिने छ
- कृषि सामग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषकको उत्पादनको बजारीकरण गर्ने देखि कृषकको आम्दानीको वचत गर्ने सम्मका कार्यको सुनिश्चितता हुने गरि सहकारी संस्थाको सवलीकरण गर्दै कृषकहरुलाई सहकारी संस्थामा आबद्ध गरिनेछ। विष्टिकृत सहकारी संस्था मार्फत दुग्ध प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदै स्थानीय स्तरमा उत्पादित वस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने नीति लिइनेछ ।
- सहकारीको माध्यमबाट एकीकृत कृषि, उद्योग तथा व्यापारको क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ । सहकारीहरुले अनुत्पादक क्षेत्रमा गर्ने लगानीलाई निरुत्साहित गरिनेछ । सहकारी शिक्षा अभिवृद्धि गरी अधिकतम कृषि/पशु व्यवसायीलाई सहकारीमा आबद्ध गरिनेछ ।

**ख) सहकारी एवं वित्तीय व्यवस्थापन सम्बन्धि नीतिः**

- सहकारीको प्रवद्र्धनबाट वस्तु र सेवाको उत्पादन, वितरण र बजारीकरणलाई व्यवस्थित गरिने नीति अवलम्वन गरिने छ ।
- वैदेशिक रोजगारीमा जाने युवाहरुको तथ्याङ्क संकलन गरी प्रवासमा रहँदा आर्जन गरेको सीपलाई प्राथमिकीकरणको व्यवस्था गरी फर्किएर आएका श्रमिकलाई स्वदेशमै पेशा व्यवसायमा लाग्न प्रेरित गरिने छ ।
- सबै नागरिकलाई वित्तिय क्षेत्रमा पहुँच पु–याउने नीति लिईनेछ ।
- सबै प्रकारका पेशा व्यवसायहरुलाई गाँउपालिका कार्यालय मार्फत दर्ता गर्ने प्रक्रियालाई व्यवस्थित वनाई लागु गरिने छ । व्यवसायहरुको लगत राखि तथ्याङ्क व्यवस्थित गरिनेछ ।
- सहकारी मार्फत उत्पादन गरिएका तरकारी,फलफुल,माछा मासु, दुग्धजन्य परदार्थ तथा अन्य खाद्यपदार्थको वजारीकरण र न्यूनतम मुल्य निर्धारणको नीति अवलम्बन गरिनेछ ।
- सहकारी को अभिलेखीकरण व्यवस्थापन सम्बर्धन र प्रबधन गरिने नीति लिइनेछ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

## ग) उद्योग सम्बन्धी नीतिः

- सबै प्रकारका उद्योगहरुको वर्गीकरण गरी अभिलेखीकरण गर्दै दर्ता प्रमाणं पत्रको अवधारणा लाई अवलम्व गरिनेछ ।
- यस गाउँपालिकालाई औद्योगिक ग्राम बनाई उत्पादकत्वमा वृद्धि गर्ने नीति लिइनेछ ।
- यस पालिकामा रहेका सबै उधोगहरु अनिवार्य रुपमा दर्ता गर्ने नीति लिइनेछ ।
- उधोग सम्म यातायात आवत जावत गर्नको लागि सडक संजाल बिस्तार गर्ने नीति लिइनेछ ।
- उधोगमा रहेका कामदार को बिमा अनिवार्यता को लागि नीति लिइनेछ ।
- औधोगिक व्यावसायी र मजदुरहरुको हितमा मध्य नजर गर्दै साझा सयुक्त निर्माण प्रक्रियाका लागि आवस्यक भौतिक पूर्वाधार निर्माण का लागि नीति निर्माण गरिनेछ ।
- गाउपालिका भित्र रहेका श्रमिकहरुको पञ्जिकरण गरिने नीति लिइनेछ ।पञ्जिकृट्ट गरिएका श्रमिकहरुलाई उद्योग र गा.पा. को समन्वयमा रोजगारको सहजताको लागि नीति लिइनेछ ।
- उद्योगहरले स्थानीय श्रमिकरुलाई प्राथमिकता दिने रोजगारको नीति लिइनेछ ।
- गाउँपालिका भित्र रहेको उद्योगहरुलाई बालश्रम मुक्त नीति ल्याइनेछ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
छत्रदेव, गुल्मी
२०७२

# सामाजिक विकास समिति

गाउँसभाका सदस्यज्यू एवम् उपस्थित महानुभावहरु,

अब म आ.व. २०७९/८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु

## क) स्वास्थ्य तथा सरसफाई

- विद्यमान कोभिड १९ को महामारीले स्वास्थ्य क्षेत्रको विस्तार र सवलिकरण गर्नुपर्ने पाठ सिकाएको छ। आगामी आर्थिक वर्षमा स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, पूर्वाधार विकास, जनशक्ति व्यवस्था र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुन:संरचना गरिनेछ।
- स्वास्थ्य चौकीलाई स्तरोन्नति गरि गनापुर र साईगाउँमा ल्याब संचालनमा ल्याइएको छ ।
- विशेषज्ञ सेवा अत्याधुनिक उपकरण र सुविधा सहितको १५ शैया निर्माण कार्य सुरुवात भईसकेको हुँदा तिव्रताका साथ निर्माण कार्य सम्पन्न गरिनेछ ।
- वडाहरुमा स्वास्थ्य चौकी नभएका तथा जिण्र अवस्था रहेका स्वास्थ्य चौकीहरुको पुर्नःनिर्माणलाई प्राथमिकता दिई आधारभूत स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई तिब्रता दिइनेछ ।
- गर्भवती तथा सुत्केरी पोषण कोशेली कार्यक्रम, जेष्ठ नागरिकको घरमा स्वास्थ्य सेवा कार्यक्रम, हेलो आमा कार्यक्रम मार्फत जेष्ठ नागरिक, गर्भवती, सुत्केरी आमाहरुलाई सुरक्षित स्वास्थ्य तथा परामर्श सेवा प्रदान गरिनेछ ।
- महिलाहरूको नियमित पाठेघर परिक्षण गरिनेछ। महिलाहरूको स्तन क्यान्सर रोकथाम तथा नियन्त्रण गर्न स्तन क्यान्सर शिविर सञ्चालन गरिनेछ ।
- गर्भवती महिलाहरुलाइ थप जाँचकीको लागि पोर्टेवल मेशिन राखिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ।
- गाउँपालिका अन्तरगतका दीर्घरोगीहरुको उपचार गरी रोगको न्यूनिकरण गर्नका साथै कुष्ठरोग खोज पड्ताल कार्यक्रम, आँखा शिविर, क्यान्सर शिविर जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन संघीय र लुम्बिनी प्रदेश सरकारको लगानीमा पाईपलाईन विस्तार, ओभरहेड ट्याङकी निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकामा पूर्ण सरसफाई कायम गर्नका लागि आ-आफ्नो टोलमा सरसफाई गर्न टोल विकास संस्था र खानेपानी संस्थालाई परिचालन गरिनेछ । सरसफाईमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ ।

छल्लान खाँ
गा.पा.अध्यक्ष

CamScanner

- मुटु, कलेजो, मृगौला, क्यान्सर जस्ता जटिल रोग लागेका असहाय, विपन्न वर्गका लागी आर्थिक सहयो उपलब्ध गराउने नीतिलाई निरन्तर दिईनेछ ।
- किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य, एच.आई.भी. एड्स रोग सम्वन्धि तालिम संचालन गर्ने निति अवलम्बन गरिनेछ ।
- जेष्ठ नागरिक तथा विपन्न परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्याउन उपचारमा लाग्ने शुल्कमा आर्थिक सहयोग गर्ने नीति निरन्तरता दीईनेछ ।
- रक्त संकलन केन्द्र स्थापनाका लागि नेपाल रेडक्रस सोसाईटी लगायतका संस्थाहरुसंग समन्वय गरि संकलन केन्द्र स्थापना गरिने नीति लिइनेछ ।
- जानकी गाउँपालिका भित्र बर्थिङ्ग सेन्टर व्यवस्थापन हुन नसकेका वडाहरुमा थप बर्थिङ्ग सेन्टर व्यवस्थापन गरिनेछ ।

**ख) <u>शिक्षा, युवा तथा खेलकुद</u>**

- गाउँपालिकामा कम्तीमा एक वटा प्राविधिक तथा व्यवसायीक विद्यालय तथा कन्या विद्यालय स्थापना गर्न आवश्यक पहल गर्नु गरिनेछ ।
- प्रविधिमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयहरुलाई सूचना प्रविधियुक्त वनाउने कार्यलाई निरन्तरता दिइने छ। कक्षा कोठामा गरिने शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउन हरेक विद्यालयहरुलाई आवश्यक ल्यापटक प्रिन्टर उपलब्ध गराइने छ । शिक्षकलाई सूचना प्रविधि मैत्री बनाउन प्रविधिमैत्री दक्ष शिक्षकहरुबाट अन्य शिक्षकहरुमा सीप हस्तानतरण गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गरी उत्कृष्ट ठहरिएका ३ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ । विद्यालयको शैक्षिक गुणस्तर परीक्षणको आधारमा उत्कृष्ट ठहरिएका शिक्षकलाई पुरस्कृत गरिनेछ । वालवालिकाहरुको सिकाइ कृयाकलाप अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुदृढिकरण गर्न विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधिको पूर्वाधार विकास गरिने छ ।
- आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमशः लागु गरिने छ। विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ ।
- नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप विद्यालय बाल विकासका शिक्षक/शिक्षिका र विद्यालयका कर्मचारिहरुको न्यूनतम पारीश्रमिक सुनिश्चित गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाहरुका लागि भौतिक पूर्वाधार तथा शैक्षिक वालमैत्री वातावरण निर्माण गरिनेछ

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

- कक्षा कोठा र विद्यालयको वातावरणलाई पूर्ण रुपमा वालमैत्री र सिकाई मैत्री वनाउन पहल गरिनेछ ।
- विद्यार्थीको चाप वढी भएका विद्यालयको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । गाउँ भित्रका सवै विद्यालयहरुलाई एकै किसिमको रंगरोगन गर्न प्रोत्साहन गरिने छ । पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म रमाइलो र सजावट युक्त वालमैत्री कक्षा व्यवस्थापन गरिनेछ। प्राथमिक तहका सवै बालवालिकालाई विद्यालयमा निःशुल्क स्वच्छ र स्वास्थ्यवर्धक खाजा, स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ। विद्यालयमा अध्ययनरत सवै छात्राहरुलाई आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क उपलब्ध गराईनेछ ।
- गाउँपालिका भित्र संचालन हुन सवै किसिमका खेलहरुलाई गाउँपालिका स्तरीय खेलकूद समिति मार्फत एकद्वार प्रणालीवाट सञ्चालन गरिनेछ । विद्यालयका विद्यार्थीहरु सहभागी हुने गाउँपालिका स्तरीय खेल सप्ताहलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्र पालिका स्तरीय खेलमैदान तथा वहुउद्देशीय कवडहहल निर्माणको लागि प्रयाप्त श्रोतको सुनिश्चितता गर्न संघीय/प्रदेश सरकारसंग पहल गर्नुका साथै पालिका स्तरवाट पनि आवश्यक सहजीकरण गरिनेछ।
- गाउँपालिका भित्र संचालन रहेका ईटा उद्योगमा रहेका ज्यालादारी/श्रमिकहरुकव बालवालिकाहरुका लागि ईटा उद्योग र गाउपालिकाको समन्वयमा दिवा वाल शिक्षा सञ्चालन गर्ने नीति ल्याइनेछ ।यस कार्यका लागि वाल विकास केन्द्रका शिक्षाहरुलाई प्रोत्साहन गर्ने कार्य समेत गरिनेछ ।
- उच्च शिक्षा हासिल गर्न चाहने सवै सीमान्तकृत, दलित,अपाङ्ग, आदिवासी, जनजाति, मुस्लिम, मधेसी समुदायका बालिकाहरुलाई विपेश प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- सामुदायिक विद्यालयवाट कक्षा १२ उर्तिण भई स्नातक तहमा अध्ययन गर्न चाहने सबै बालिकाहरुलाई अध्ययन सहजताका लागि विशेप प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- कक्षा १० सम्म अध्ययनरत सवै सीमान्तकृत, दलित, मुस्लिम, मधेसी समुदायका बालिकाहरुलाई विपेश प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- गाउँपालिकामा रहेका सवै मदरसाहरुको स्तरोन्नती गरिने छ ।
- सवै वार्डमा एउटा अनिवार्य नमुना वालविकास केन्द्र स्थपनामा गरिनेछ |
- गाउपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता गर्ने नीति लाई निरन्तर दिईनेछ ।

## ग) जेष्ठ नागरिक, महिला, बालवालिका तथा अपाङ्ग

- क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै विधवा तथा एकल महिला, द्वन्द्वपीडित तथा हिंसापीडित महिला, बेरोजगार तथा अति पिछडिएका व्याक्ति र विपन्न समुदायको लागि रोजगारमूलक तालिमको सुनिश्चितता गरिनेछ । अपांग र बालवालिका लक्षित कार्यक्रमहरु सम्बन्धित

छब्बन खाँ
गा.पा.अध्यक्ष

लक्षित समुदायको परामर्शमा तय गरी प्रभावकारी रुपमा लागु गर्ने नीति अवलम्वन गरिनेछ । अपाङ्ग परिचयपत्र वितरणको लागि घुम्ति शिविर सञ्चालन गरिनेछ ।

- महिलाहरुको सशक्तिकरण गर्नको लागी "महिलासँग उपाध्यक्ष" कार्यक्रम सञ्चालन गरिनेछ।
- हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वडा समिति, टोल विकास सस्था, आमा समूह, स्थानीय क्लब, समुदाय र सुरक्षा निकायको सहकार्यमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम मार्फत समाजमा विद्यमान समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन न्यूनिकरणका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ। वाल संरक्षण गृह, सुधार केन्द्र, रिफ्रेस सेन्टर स्थापना गरी सञ्चालन गर्न चाहने सामाजिक संस्था र निजी क्षेत्रलाई आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरीय युवा परिषद, बाल क्लब, स्काउटलाई सिर्जनशील काममा परिचालन गरिनेछ ।
- ८० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई सम्मान गर्न ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गर्ने र दैनिक जीवन यापनलाई सहज बनाउन सेवा केन्द्रहरु संचालनमा ल्याउने नीति लिईनेछ ।
- अपाङ्ग, असहाय, अशक्त, दैवी प्रकोप पीडित, ज्येष्ठ नागरिक दलित (६० वर्ष ) र अन्य ७० वर्ष माथिका जस्ता व्यक्तीहरुलाई सम्बन्धित वार्ड बाट सिफारिसहरु निस्शुल्क प्रदान गरिनेछ ।
- बाबु आमा नभएका वालवालिकाको पहिचान गर्ने भए सरक्षण गर्ने नीति लिनेछ ।
- दुर्व्यसनीमा फसेका वाल वालिकाको पहिचानको नीति लिइनेछ ।

गाउँसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरु,

## घ) संस्कृति तथा पर्यटन

- बाँके जिल्लाक विभिन्न पर्यटकीय स्थल मध्ये महत्वपूर्ण गन्तव्य स्थलको रुपमा रहेको जानकी गाउँपालिका क्षेत्रको इतिहास, भूगोल, धर्म र संस्कृति झल्कने खालका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ । गाउँपालिका भित्र रहेका जोगागाउँ तलाउँ, गुरुवागाउँ मेलामा रहेको तलाउ लगायतका मठ मन्दिर, मस्जिद, गुम्बा, गुरुद्धारा र चर्चहरुको संरक्षण तथा संवर्धन गर्दै गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान र विकासका लागि ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माण तथा प्रचार प्रसारमा जोड दिइनेछ ।
- आ.वं.२०७८/०७९ मा गुरुवागाउँमा रहेको नागाबाबा कुट्टी तलाउको डिपिआर गर्ने कार्य भइसकेको र आ.वं.२०७९/०८० मा उक्त कार्यका लागि संघीय/प्रदेश सरकारबाट बजेट व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।
- गुरुवागाउँमा रहेको ईश्वरी तलाउको जैविक संक्षरण गर्नुका साथै जलाशययुक्त संरचना निर्माण कार्यका लागि डिपिआर निर्माण गरी बजेट व्यवस्थापनका लागि समेत पहल गरिनेछ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

# पूर्वाधार विकास समिति

गाउँसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरु,

**क) पुर्वाधार विकास**

- बहुवर्षिय आयोजनाहरु तोकिएको समयावधि भित्रै सम्पन्न गर्ने गरि स्रोत सुनिश्चित गरिनेछ। ठेक्का लागेर बन्दावन्दी/बजारमन्दीका कारण सम्पन्न हुन नसकेका संघ र प्रदेशका एकल वा साझेदारीका आयोजनाहरुको म्याद थपका सम्वन्धमा निर्माण व्यवसायीहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा म्याद थप गर्ने गरी अधुरा आयोजनाहरुको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- **"समृद्धिको आधार, व्यवस्थित सडक पूर्वाधार"** भन्ने नारालाई आत्मसाथ गरी सडक निर्माण तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाका गौरवका योजना अन्तर्गत विस्तृत सर्भे तथा डिजाइन इष्टिमेट भइसकेका सडक तथा पुलहरुको निर्माण कार्य आरम्भ गरिनेछ । गाउँपालिका भित्र स्तरोन्नति भएका कच्ची सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने र सो वाहेकका मुख्य मुख्य सडक र गाउँ भित्रका परम्परागत सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ सम्पन्न गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाको सडक मर्मत तथा संभार गर्ने कार्यको लागि बजेट विनियोजन गरिनेछ ।
- सडकको दिगो विकासको लागि गाउँ भित्रका कालोपत्रे सडकमा गुणस्तर कायम गर्न ५.५ देखि ६ मिटर वा सो भन्दा वढी चौडाई भएका सडकहरुमा अस्फाल्ट कंक्रिट प्रविधि अपनाइनेछ । सडकको सर्भे डिजाइन गर्दा डिजाईन भित्र पर्ने विद्युत पोल, विद्युतीय तार, नाली खानेपानी पाइप विस्तार समेत समावेश गरी एकिकृत डिजाइन इष्टिमेट तयार गरी कार्यान्वयनमा ल्याइनेछ। लागत सहभागितालाई स्थान विशेष तथा योजनाको प्रकृति अनुकूल परिमार्जन गर्दै लगिनेछ।
- गाउँपालिका भित्र रहेका विद्युतीय संरचनाहरुको अवलोकन गरी आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडाहरुमा कम्तिमा एउटा शवदाह गृह निर्माण गरिनेछ ।

गाउँसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरु,

**ख) भूमि तथा भवन व्यवस्थापन**

- जानकी गाउँपालिकाभित्र रहेका भूमिहीन सुकुम्वासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदन संकलन भैसकेको छ भने संकलन भएका निवेदनहरुको अनलाईन प्रणालिमा प्रविष्ट गर्ने कार्य अन्तिम अवस्थामा रहेको छ। गाउँपालिकाभित्रमा सबै भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

अव्यवस्थित वसोवासयुक्त जग्गाको नापि गर्ने, नक्सा श्रेस्ता तयार गर्ने कार्य समाप्त गरि जग्गाधनी प्रमाणपत्र पूर्जा समेत वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही वालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित वनाइनेछ ।
- जानकी गाउँपालिकामा भवन निर्माण संहिता लागू गरिनेछ ।
- आ.व २०७९/८० मा घर नक्सा डिजिटाईजेसन गर्ने कार्यको सुरुवात गरिनेछ। आ.व. २०७९/८० भित्र गाउँ डिजिटल पाश्र्वचित्र, सडक सम्पत्ति सुधार योजना, गाउँ सडक यातायात गुरुयोजना र भु-उपयोग योजना सहितको गाउँ गुरुयोजना सार्वजनिक गरी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका भित्र निर्माण गरिने सम्पूर्ण भवन संहिता एवं नक्साङ्कन कार्यलाई अनिर्यता दिनेछ ।
- गाउँको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्ध रुपमा उपलब्ध गराइएको तालिमलाई निरन्तरता दिइनेछ । भवन निर्माण संहिता तथा भवन निर्माण मापदण्डको बारेमा व्यापक जनचेतना जगाउने कार्यक्रम ल्याइनेछ । भवन मापदण्ड लागुहुनु पूर्व सम्पन्न भएका घरको नक्शाङ्कन गरी नक्सा अभिलेखीकरण गरिनेछ ।
- व्यवस्थित शहरीकरण मार्फत सर्वसुलभ वातावरण मैत्रि दिगो र सुन्दर गाउँपालिका विकास गर्दै भू उपयोग योजनामा आधारित व्यवस्थित एवं योजनावद्ध शहरी विकास गर्ने निति लिईएको छ । गाउँक्षेत्र भित्र हुने जग्गा प्लटिङ्ग गर्न कार्यलाई व्यस्थित एवम् नियमन गरिनेछ ।
- हालसम्म पनि विद्युत लाइन जडान नभएका स्थानहरुको पहिचान गरी ती स्थानहरुमा विद्युत लाइन जडानको व्यवस्था गरिनेछ । कतिपय स्थानहरुमा विद्युत लाइन जडान भए पनि कम भोल्टेजको कारणले उत्पन्न हुने समस्या समाधान गर्न नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्र नेवालगंजसँग समन्वय गरी विद्युत आपूर्तिलाई नियमित गरिनेछ । विपन्नताको कारणले विद्युत मिटर जडान गर्न नसक्ने परिवारलाई निःशुल्क विद्युत मिटर जडान गरिनेछ ।
- आ.व २०७९/८० मा प्रशासनिक भवनको तल्लो भवनलाई तत्काल प्रयोगमा ल्याई प्रशासनिक कार्यलाई सहजिकरण गरिनेछ ।
- जटिल प्रकृतिका, आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने | खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ । उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्नको लागि गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकासको तालिम सञ्चालन गरिनेछ ।

छब्बन खाँ
गा.पा.अध्यक्ष

## वातावरण तथा विपत व्यवस्थापन समिति

गाउँसभाका सदस्यज्यू तथा उपस्थित महानुभावहरू,

**वन, वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण संरक्षण तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम :
- वातावरणीय तथा विपद क्षेत्र प्रबर्दनको लागि बजेट तथा कार्यक्रम ल्याइनेछ ।
- विपत व्यवस्थापन जोखिम नक्साकन तयार भई सकेकोले सोही अनुसार कार्यक्रम निर्धारण गरिनेछ ।
- गाउँपालिका स्तरीय आपतकालीन तथा भण्डारण केन्द्र संचालन निर्माण गरिनेछ ।
- गाउँपालिकाको विपद् जोखिम व्यवस्थापनको लागि बारुणयन्त्र सेवा जस्ता विस्तार गरिनेछ ।
- नीजि वन र सामुदायिक वनलाई प्रोत्साहन गर्दै नीजि वन दर्तामा सहुलियत र उत्पादनको सहज वितरणका लागि व्यवस्था गरिने नीति बनाइने छ ।
- प्लाष्टिक मुक्त गाउँपालिका अभियान संचालन गरिने छ ।
- वातावारणमैत्री स्थानीय नीति लिइनेछ ।
- घरलाई धुँवारहित बनाउने र बाह्य प्रदुषण नियन्त्रणका लागि उद्योग कलकारखानाबाट उत्पादन हुने हानिकारक धुँवा, धुलो र रसायनको उचित व्यवस्थापनका लागि मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिने ।
- ताल तलैया, खोला नालामा विष, विद्युतीय यन्त्र प्रयोग गरी माछा मार्न पूर्ण प्रतिवन्ध लगाइने छ
- "हरियो वन स्वास्थ्य धन" नाराका साथ एक घर १० (दश ) विरुवा वृक्षारोपण कार्यक्रमलाई अ रुपमा लगिनेछ ।
- सार्वजनिक महत्वका सम्पदाहरु, खुल्ला क्षेत्र, पार्क, ताल तलैया, पोखरी, मनोरन्जनस्थल, वनभोज संरक्षण गरिनेछ ।
- जैविक प्रविधिमा आधारित क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ ।
- प्रदुषणस्तरको मापन गरिने नीति लिइनेछ ।
- राहत सामग्री खरिद भन्डारण तथा वितरण नीति लिइनेछ ।
- विषादीको प्रयोगमा नियंत्रण गर्ने कार्यक्रम ल्याईनेछ ।
- प्रदुषण गर्ने कलकारखानाहरुलाई अनुगमन गरी प्रदुषण नियंत्रणका लागि विज्ञ ल्याई पहल गरिनेछ ।
- वडा स्तरका वातावरण तथा विपद व्यवस्थापन समितिका पदाधिकारीहरुलाई समन्वय गरिनेछ ।
- विपद जोखिमवाट वचाउन मेन पावरको क्षमता विकास तथा सामग्री व्यवस्थापन गरिनेछ ।

छब्बन खाँ
गा.पा. अध्यक्ष

CamScanner

# सार्वजनिक सेवा तथा क्षमता विकास समिति

## क) सुशासन तथा सेवा प्रवाह

- स्थानीय सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सेवा प्रवाहलाई सरलीकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिनेछ ।
- गाउँपालिकाको संगठन संरचना र व्यवस्थापन (O&M) को अध्ययन गरी संरचनात्मक सुधार व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र राखिने छ। सेवा प्रवाहलाई प्रक्रियामुखी नभई परिणाममूखी बनाईने छ । गाउँपालिकाको खर्च प्रणालीलाई सरलीकृत गरिनेछ ।
- जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्ने गरी गाउँपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिनेछ ।
- जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी गाउँवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिनेछ । गाउँपालिकाको सङ्गठन संरचना पुनरावलोकन गरी जनशक्ति पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोगलाई प्रभावकारी बनाइनेछ। पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ। गाउँपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरु छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कम्प्यूटरकृत सेवा प्रणालीको विकास गर्दै लगिनेछ ।
- नियमित रुपमा सार्वजनिक सुनुवाई सामाजिक परीक्षण गर्ने प्रबन्ध मिलाईनेछ। सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गीकरण गरी नियमित रुपमा गाउँपालिकाको आधिकारिक वेबसाइट, फेसबुक पेज मार्फत सुचना प्रवाह गरिनेछ ।
- सञ्चारकर्मीलाई उच्च मनोवलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गरिनेछ। पत्रकारितामैत्री गाउँपालिकाको विकास गरिनेछ ।
- कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोवल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलव्ध गराइनेछ ।साथै कर्मचारी र शिक्षकलाई प्रदान गरिदै आएको पुरस्कार/सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई प्रविधिमा आधारित रहित वडा कार्यालयबाट उपलब्ध गराउन आवश्यक व्यवस्थापन गरिनेछ । ८० वर्ष माथिका जेष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका लाभग्राहीहरुलाई बैंकमार्फत घरमै भत्ता वितरणको व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ जसको लागि एम आई एस अपरेटर, फिल्ड सहायक, वडा सचिव तथा अन्य कर्मचारी सेवा प्रदायकलाई आवश्यक तालिम प्रदान गरिनेछ

छब्बन खाँ
गा.पा.अध्यक्ष

CamScanner

। अनलाइन प्रणाली लागु हुनु अघिका बाकि रहेका घटना दर्ताहरु विवरणलाई डिजिटाइजेशन गरी अनलाइन प्रणालीमा प्रविष्टी गरिनेछ ।

- उपभोक्ताहरुको हितलाई मध्यनजर राखी गुणस्तरीय उपभोग्य वस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी गाउँपालिकाको विकास र जनचेतनामूलक कार्यमा प्रत्यक्ष सहभागी गराईनेछ। उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- सुशासन प्रवर्द्धन तथा भ्रष्टचार नियन्त्रणका लागि **"म भ्रष्टचार गर्दिनँ, म भ्रष्टचार हुन दिन्नँ,"** भन्ने प्रतिज्ञा सहितको कार्य संस्कृतिको प्रवर्द्धन गरिनेछ ।

## ख) राजश्व प्रशासन

- न्यून दर र फराकिलो दायरा सहितको कर नीति अवलम्बन गरिनेछ । प्रगतिशील कर प्रणाली लागु गरिनेछ ।
- यस पालिका स्थापना हुनु पूर्व स्थापित भएका उधोग कलकारखाना व्यावसायमा लाग्ने करहरु बिबिन्न कारणले असुल हुन नसकेका जोखिम उक्त शत प्रतिशत छुट को नीति अवलम्बन गरिने नीति लिइनेछ ।
- घर जग्गा बहाल कर असुली कार्यको शुरुवातका लागि सम्पत्ति कर, व्यवसाय कर र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुसँग एक आपसमा आवद्ध गरी असुली प्रक्रियालाई अनिवार्य, व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न राजश्वसँग सम्बन्धित राजश्व शाखाका कर्मचारी, वडाका कर्मचारी, वडा समितिका पदाधिकारी र टोल विकास संस्थाका पदाधिकारीहरुलाई तालिमको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाले हालको संवैधानिक तथा कानूनी व्यवस्था अनुसार राजश्व संकलनको लागि करका दरहरु कायम भइसकेको र थप दायरा निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिएकोले राजश्व प्रक्षेपण गर्नु भन्दा पहिले नै सरोकारवालाहरुसँग पर्याप्त परामर्श गरी करको दर भन्दा दायरा फराकिलो वनाइनेछ । करदाताले तिर्नुपर्ने कर रकम सम्बन्धि जानकारी उपलब्ध गराउन कर शिक्षा सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने नीति लिइएको छ ।
- व्यवसायिक करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहन गर्न कर सप्ताह अभियान तथा कर संकलन सिविर कार्यक्रम संचालन गरिने नीति लिइनेछ ।
- गाउँपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने कार्यलाई निरन्तरता दिनेछ ।
- जानकी गाउँपालिका स्थापना भए पश्चात चालु आ.व. २०७८/०७९ सम्म पनि व्यावसाय कर नबुझाएका उधोगी व्यावसायी कल कारखाना निजि घरको हकमा आ.व.२०७९/०८० को पुस मसान्त सम्म कर बुझाएमा ५० (पचास) प्रतिशत छुट र दर्तामा समेत सोहि छुटको सुविधा दिने नीति अवलम्बन गरिनेछ ।

छब्बन खाँ
गा.पा. अध्यक्ष

गाउँसभाका सदस्य ज्यूहरु,

## ग) न्याय प्रणाली

- स्थानीय तहलाई संविधानत्त प्राप्त न्यायिक अधिकारलाई जनताले प्रत्यक्ष अनुभुति गर्ने गरी सवलीकरण गरिनेछ । गाउँघर समाजमा उत्पन्न विवादको सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ता मार्फत सम्भव भएसम्म दुवै पक्षलाई मेलमिलाप र समझदारी गराई विवाद निरुपण गरिनेछ। न्यायिक समितिमा दर्ता भएका मुद्धाको निष्पक्ष छानविन गरी न्याय निरुपण गरिनेछ। न्याय प्रणालीलाई पहुँचयोग्य र सरलीकृत बनाईने छ।
- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्दाहरुको निष्पक्ष छानविन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुत हुनेगरी समयमै मुद्दा मामिलाको छिनोफानो गरिनेछ।

आदरणीय जानकी गाउँवासी जनसमुदायहरु,

"कृषि, पर्यटन र पूर्वाधार, जानकी विकासको मूल आधार" भन्ने नारालाई साकार पार्नका लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन्। यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा कृयाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार जगत, नागरिक समाज लगायत सम्पूर्ण जानकी गाउँबासी आमा-बुवा, दाजु-भाइ, दिदी-वहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। कोरोना भाईरसको महामारीको समयमा प्रकोप रोकथाम तथा नियन्त्रण गरी वर्तमान समयमा नेपाली अर्थतन्त्रमा बाह्य दवाबका कारण आम नागरिकको जनजिवन सामान्य बनाउन गाउँपालिकासंग हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु । अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण जानकी गाउँबासीहरुबाट गाउँ विकासमा योगदान गर्नुहुन्छ भन्ने अपेक्षा सहित हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद

छब्बन खाँ

अध्यक्ष

जानकी गाउँपालिका

बाँके

छब्बन खाँ
गा.पा.अध्यक्ष